**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १७ नोभेम्बर २०२३

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

1. पश्चिम बंगाल सरकारको तरुणेर स्वप्न योजना अन्तर्गत विद्यार्थीलाई दिइने ट्याब खरिद रकम हिनामिना प्रकरणमा कूचबिहारको दिनहाटा क्षेत्रबाट एकजना पक्राउ।
2. साढ़े चार महीनाको लामो अवधिपछि न्यू जलपाईगुड़ी (एनजेपी) देखि दार्जिलिंग सम्म टॉय ट्रेन शुरू भएको छ।
3. रिम्बिक लोधोमामा अवस्थित निप्पोन हाईडल पावर लिमिटेडक कर्मचारी संगठनको असहयोग आन्दोलनले २ सय १ दिन पार गरि सकेको भए पनि कर्मचारीहरु ले कुनै न्याय पाएका छैनन्।
4. हिमालयन पर्वतारोहण संस्थान (Himalayan Mountaineering Institute) दार्जीलिङको ग्राड्युसन समारोहमा हिजो मिसन गंगनयानका ग्रुप क्याप्टन एस्ट्रोनट अंगद प्रताप मुख्य अतिथिको रूपमा उपस्थित हुनु हुन्थ्यो।
5. खरसाङको तीनधारेमा आजदेखि गोर्खे हाट सुरु भएको छ।

**ट्याब स्क्याम**

पश्चिम बंगाल सरकारको 'तरुणेर स्वप्न' योजना अन्तर्गत विद्यार्थीलाई दिइने ट्याब खरिद रकम हिनामिना प्रकरणमा कूचबिहारको दिनहाटा क्षेत्रबाट एकजना मनोजित बर्मन पक्राउ परेको छ। सूत्र अनुसारए माल्दाको हबीबपुरस्थित एक विद्यालयका विद्यार्थीको सरकारले दिएको ट्याब किन्ने पैसा मनिजितको खातामा गएको थियो। घटनाको छानबिनपछि विशेष अनुसन्धान टोली (एसआईटी) ले हिजो दिनहाटामा छापा मारेर मनोजितलाई पक्राउ गऱ्यो। प्रारम्भिक छानबिनमा धेरै बैंक खाता प्रयोग भएको खुलासा भएको छ। मनोजितलाई आज अदालतमा पेस गरी १० दिनको पुलिस हिरासत पठाइएको छ।

****** ० ******

**टोय ट्रेन**

साढ़े चार महीनाको लामो अवधिपछि न्यू जलपाईगुड़ी (एनजेपी) देखि दार्जिलिंग सम्म टॉय ट्रेन शुरू भएको छ। आज बिहान लगभग १० बजे देशी-विदेशी पर्यटकहरु समेत कुल ३५ यात्रिहरुलाई लिएर टोय ट्रेन दार्जिलिंगका लागि रवाना भयो। यो साँझको पांच बजे दार्जिलिंग पुग्नेछ। ट्रेन शुरू हुन अघि रेलवे कटिहार डिवीजनका डीआरएम संजय कुमार समेत रेलवे अधिकारियोंले एनजेपी टॉय ट्रेन प्लेटफार्ममा प्रेस कॉन्फ्रेंस गरे। डीआरएमले बताए कयौं महीनासम्म बंद रहेपछि रेलवे लाइनको नवीनीकरण गरिएको छ। आगामी बर्ष पूजाको समयमा डीएचआरले कयौं महत्वपूर्ण पाइला चाल्नेछ लामो समयपछि टॉय ट्रेन शुरू हुँदा रेलवे अनि पर्यटन जगतमा खुशीको माहौल देखापरेको रिपोर्टमा बताइएको छ।

****** ० ******

**पुरस्कार**

टेक्नो इण्डिया यूनिभर्सिटी, कलकताले डा. चिरन्जिवी भट्टाचार्य, अध्यक्ष, पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद, डाक्टर रामानुज गांगुली, एवं अन्य गण्यमान्यको उपस्थितिमा द्रोणाचार्य पुरस्कार वितरण पुरस्कार समारोह टेक्नो इण्डिया यूनिभर्सिटी अडिटोरियम, सल्ट लेक, कलकतामा हालैमा आयोजन गरियो। जीटीए क्षेत्रका कालेबुंग, सूमी इन्स्टिच्यूटका श्री पाल्देन लेप्चा सर्वश्रेष्ठ प्रधान अध्यापकको रूम्पा पुरस्कृत भए भने श्री दुर्गा प्रसाद राई, चन्द्रमाया उच्चतर माध्यमिक विद्यालय, कालेबुंग, श्री किरण ब्लोन, मामरिंग तुरियोग विद्यालय, खरसांग, डाक्टर मिलन तामांग, आर.के.एस.पी उच्चतर माध्यमिक विद्यालय, दार्जीलिंग अनि क्रमैले श्री पी.के राई, डा. राधाकृष्णन विद्यालयले द्रोणाचार्य पुरस्कारले पुरस्कृत भएका छन्। दुइ दिवसीय पुरस्कार वितरण समारोहमा जीटीए क्षेत्रका विषयहरू शिक्षकहरूले पनि सर्वश्रेष्ठ शिक्षकका रूपमा पुरस्कार प्राप्त गर्न सक्षम बनेका छन्- ती मध्ये डा. सरोज थापा, सूमी विद्यालय, कालेबुंग, विनय कुमार सिंह आदि लगायत राज्यभरिका सर्वश्रेष्ठ शिक्षकहरू द्रोणाचार्य पुरस्कारले पुरस्कृत भएको संयोजक शिक्षक विजय प्रधानले जानकारी दिनुभएको छ।

****** ० ******

**कालेबुङ**

कालेबुङ जिल्लामा सवारी साधनहरूको आवाजाहीमा कतिपय फेरबदल गरिएको जिल्लापाल कार्यालय कालेबुङले एक विज्ञप्ती मार्फत दिएको छ। ठूला सवारी साधनहरू १७ माइल फाटकदेखि रंग्पूसम्मको आवाजाहीमा अर्को निर्देश नआइन्जेलसम्म प्रतिबन्धित लगाइएको छ भने साना सवारी साधनहरू प्रतिदिन अर्को निर्देश प्राप्त नभइन्जेलसम्मका लागि बिहान १० बजेदेखि साँझको ४ बजेसम्म १७ माइल फाटकदेखि रंग्पूसम्म बन्द रहनेछ। स्थानीय नागरिकहरूका लागि रंग्पू पायङ रोड खुल्ला रहनेछ साथै जरूरी परेको खण्डमा मात्र यस मार्गमा सवारी गुढ़न दिइनेछ। १७ माइल, अलगढ़ा अनि अन्य जिल्ला सीमानाहरूमा आवश्यक प्रतिबन्धिहरू ट्राफिक पुलिसद्वारा लगाइने विज्ञप्तीमा उल्लेख गरिएको छ।

****** ० ******

**हड़ताल**

रिम्बिक लोधोमा अवस्थित निप्पोन हाईडल पावर लिमिटेडका कर्मचारी संगठनको असहयोग आन्दोलनले २ सय १ दिन पार गरिसकेको भए पनि कर्मचारीहरूले कुनै न्याय पाएका छैनन्। कर्मचारीहरू कार्य कौशलको आधारमा पेल रोल अनुसार वेतन संशोधनको माग गर्दै आन्दोलनरत रहेका छन्। निप्पोन पावर लिमिडेटका प्रबन्धन कर्मचारीहरूको न्यायसंगत मागमा गम्भीर नरहेको आरोप लगाउदै उनीहरूले क्षेत्रीय सभासद श्री नोर्देन शेर्पा अनि जीटीए प्रमुख श्री अनित थापा मार्फत कर्मचारीहरूले न्याय पाउने छन् भनी संगठन आशावादी रहेको छ। स्मरण रहोस, निप्पोन पावर लिमिटेड एक मिनि हाईडल पावर प्रोजेक्ट हो जो फेन्चेटार, रिम्बिक लोधोमा समष्टि अवस्थित अवस्थि रहेको छ।

****** ० ******

**एच.आई.एम**

हिमालयन पर्वतारोहण संस्थान (Himalayan Mountaineering Institute) दार्जीलिङको ग्राड्युसन समारोहमा हिजो मिसन गंगनयानका ग्रुप क्याप्टन एस्ट्रोनट अंगद प्रताप मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। उहाँले कार्यक्रममा अन्तर्कृयात्मक सत्र पनि सम्बोधन गर्नु भएको थियो। समारोहमा संस्थानका बेसिकए एड्भान्सए अनि स्पेशल कोर्स पूरा गर्ने दिव्याङ्ग विद्यार्थी तथा अन्य विद्यार्थीहरुलाई मेडल दिएर सम्मानित गरियो।

****** ० ******

**गोर्खे हाट**

खरसाङको तीनधारेमा आजदेखि स्थानीय सरसामान, जैविक चीजबीज, अनि गोर्खा सांस्कृतिक संरक्षण गर्ने उद्देश्यले गोर्खे हाट सुरु भएको छ। चिल्ड्रेन पार्कमा आयोजित यस हाटको उद्घाटन गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका सभासद अनोश थापा अनि नवराज छेत्रीले गर्नु भयो। पहिलो दिन १५-२० वटा दोकान राखिएका थिएए जहाँ जातीय परिकारहरू जस्तै सेलरोटी, ढिँडो, आलुदम अनि जैविक सागसब्जीहरू बिक्रीमा थिए। कार्यक्रममा सांगीतिक प्रस्तुति, नृत्य तथा स्थानीय कलाकारहरूको प्रदर्शन पनि भएको थियो।

****** ० ******

**खस समारोह**

खस लोक सांस्कृतिक एवम् अभिनन्दन समारोह २०२४ खस भारतीय हितकारी सम्मेलनका केन्द्रिय समितिको आयोजनामा आज गोर्खा दुःख निवारक सम्मेलन भवनमा खस लोक सांस्कृतिक एवम् अभिनन्दन समारोह सम्पन्न भयो। यस समारोहमा जीटीए कार्यपाल अनित थापा उपस्थित थिए। समारोहमा दार्जीलिङए खर्साङए कालेबुङए मिरिक लगायतका क्षेत्रबाट आएका प्रतिनिधिहरूले सांस्कृतिक लोकनृत्य प्रस्तुत गरेद्य कार्यक्रममा खस समुदायका विभिन्न व्यक्तिहरूलाई प्रशस्ती पत्र प्रदान गरेर सम्मानित गरियो।

****** ० ******

**लङ्गुरदाङ गोल्डकप**

लङ्गुरदाङ गोल्डकप तेस्रो संस्करणको उपाधि जर्जियन एफसी कालेबुङले जितेको छ। फाइनल खेलमा रकमजोत एफसी नक्सलबारीलाई हराउँदै जर्जियन एफसीले खिताब जितेको हो। जर्जियनका देवआशीष राईले ह्याट्रिक गोल गर्दै टोलीलाई जित दिलाए। नक्सलबारीका सञ्जय राई अनि बक्सर प्रधानले दोस्रो हाफमा एक-एक गोल गरे। फाइनल खेलमा प्रमुख अतिथिका रूपमा जीटीएका अनित थापा अनि सभासद सतिश पोखरेलको उपस्थिति थियो।

****** ० ******

**हाम्रो पार्टी**

माल रोडस्थित हाम्रो पार्टीको केन्द्रीय कार्यलयमा हाम्रो पार्टीको सभा सम्पन्न भयो। आयोजित सभामा पार्टीको संस्थापक अध्यक्ष अजय एडवर्ड्स लगायत अन्य केन्द्रीय नेतृत्वहरूको उपस्थिति रहेको थियो। हाम्रो पार्टीको गोर्खा जातिप्रतिको इमान्दारितासंग संगै निस्वर्थ सेवा कार्यहरूको प्रसंशा गर्दै नागरी समष्टि क्षेत्रका भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा अनि गोरामुमोको २० परिवारहरूले आज हाम्रो पार्टीमा सामेल भएका छन्।

****** ० ******

**गाजा सीज्ड**

पुलिसले शनिबार राती दीघा-कलकता चल्ने एक सरकारी बसबाट तीन महिला समेत ११ तस्करहरूलाई २ सय केजी गाँजासित पक्राउ गरेको छ। गुप्त सूचनाको आधारमा पुलिसले पूर्व मेदिनीपूरको कांथी बाइपासमा तलाशी अभियान चलाउदा दीघाबाट कलकता गइरहेको एक सरकारी बसबाट लगभग २ सय किलोग्राम गाँजा जफ्त गरे। पुलिसको प्रारम्भिक अनुमान अनुसार यसभन्दा अघि पनि तस्करहरूले ओडिशाबाट कलकता समेत पश्चिम बंगालको विभिन्न जिल्लामा गाँजा तस्करी गरिसकेको छ एवं तस्करहरूसित जोड़िएका अन्य धेरै समूहका व्यक्तिहरूलाई पक्राउ गरिने प्रयास चलिरहेको छ।

****** ० ******

**समीक्षा सभा**

घूम-जोरबङ्लो पिपल्स अर्गनाइजेशनको समीक्षा सभा आज सभापति सांगे डुक्पाको अध्यक्षतामा सम्पन्न भयो। सभामा दार्जीलिङ नगरपालिकाको प्रयासहरूको प्रशंसा गर्दै केही सुझाव पनि राखियो। बजारको नालामा फलामको जाली राख्न अनि चोक बजारमा निर्माण हुने शपिङ मलको फुटपाथ ठूलो बनाउँदै भुइँतलामा कार पार्किङको व्यवस्था गर्न अनुरोध गरिएको छ।

****** ० ******

**रंगबुल सहकारी समिति**

रंगबुल सहकारी समिति अनि अफिस अफ नर्थेर्न जोन सिलगढी वेस्ट बंगाल सहकारी संघको आयोजनामा ७१ औं सहकारी सप्ताह मनाइएको जानकारी प्राप्त भएको छ। कार्यक्रममा को-अपरेटिभ झण्डा उत्तोलन सांस्कृतिक प्रस्तुति अनि नानीहरूको लागि चित्र बनाउने प्रतियोगिता आयोजना गरिएको थियो।

****** ० ******

************